# बैंकिङ्ग कारोबारमा हुने सक्ने सजाय तथा जरिवाना र ग्राहकले अवलम्बन गनुपर्ने सतर्कता सम्बन्धी व्यवस्थाः

बैंकिङ्ग प्रणालीलाई सुरक्षित र मर्यादित बनाउन प्रचलित कानुन र बैंकको नियम उल्लंघन गरेमा हुने सजाय तथा ग्राहकले अपनाउनुपर्ने सुरक्षाका उपायहरु निम्न लिखित छन्:

- **बैंकिङ्ग कसूर तथा सजाय सम्बन्धी व्यवस्थाः**
  - ✓ आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने कार्य गरेमा ।
  - ✓ नक्कली कागजात पेश गरी खाता खोल्न वा त्यस्तो कागजात पेश गरी खाता खोल्न लागेको छ भन्ने जानी जानी खाता खोलिदिन वा त्यस्तो खातामा रकम जम्मा गर्न, गराउन वा त्यस्तो खाताबाट रकम निकाल्न वा सो कार्यमा सहयोग गर्न वा त्यसरी खाता खोली विद्युतीय कार्ड वा उपकरणको प्रयोग गरी रकम निकाल्ने कार्य गरेमा ।
  - ✓ कसैले पनि क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेशिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरुपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने कार्य गरेमा ।

माथि उल्लेखित कार्यहरु गरेमा प्रचलित कानुन बमोजिम सजाय तथा जरिवाना हुन सक्छ ।

**ग्राहकले अपनाउनुपर्ने सतर्कताः**

आफ्नो खाता र धनराशिलाई सुरक्षित राख्न ग्राहक महानुभावहरूले निम्न सतर्कता अपनाउनुहोस् :

- आफ्नो खाताको PIN, Mobile Banking Password, र OTP जस्ता गोप्य जानकारी कसैलाई पनि नदिनुहोस् ।
- बैंकले कहिल्यै पनि फोन, इमेल वा सामाजिक सञ्जाल (Viber, WhatsApp, Tiktok) मार्फत तपाईंको खाताको पासवर्ड वा ओटीपी (OTP) माग्दैन । यस्ता भ्रमपूर्ण सन्देशहरूबाट टाढै रहनुहोस् ।
- सार्वजनिक वाइफाइ (Public Wi-Fi) प्रयोग गरेर बैंकिङ्ग कारोबार नगर्नुहोस् । आफ्नो मोबाइल वा कम्प्युटरमा भरपर्दो 'Security Lock' राख्नुहोस् ।
- अपरिचित व्यक्ति वा इमेलबाट आएका शंकास्पद लिंकहरूमा क्लिक नगर्नुहोस् र आफ्नो व्यक्तिगत विवरण प्रविष्ट नगर्नुहोस् ।
- आफ्नो चेकबुक सुरक्षित राख्नुहोस् । हस्ताक्षर नगरिएका खाली चेकका पानाहरूमा कहिल्यै पनि हस्ताक्षर गरेर नछोड्नुहोस् । खातामा पर्याप्त रकम भएको सुनिश्चित गरेर मात्र चेक जारी गर्नुहोस् ।
- आफ्नो बैंक स्टेटमेन्ट र एसएमएस (SMS) अलर्टहरू नियमित रूपमा जाँच गर्नुहोस् । कुनै पनि अनधिकृत कारोबार देखिएमा तुरुन्त बैंकलाई जानकारी गराउनुहोस् ।